# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ७ मिति : २०७५।०२।२३


## भाग- २

## सुनिल स्मृति गाउँपालिका

### सुलीचौर, रोल्पा प्रदेश नं. ५, नेपाल

# सुनिल स्मृति गाउँपालिकाको फोहर व्यवस्थापन तथा वातावरण, स्वास्थ्य, सरसफाई कार्यविधि, २०७५

*पारित मिति : २०७५।०२।२३*

**प्रस्तावना :**

फोहरमैलालाई श्रोतमा नै न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न साथै गाउँको वातावरणलाई स्वच्छ, सफा र हराभरा राखिराख्न गाउँले लगानी गर्न बान्छनीय भएकोले, फोहरमैला व्यवस्थापन ऐनको दफा ५१ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ बमोजिम सुनिल स्मृति गाउँ कार्यपालिकाको निर्णयानुसार यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१, ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम सुनिल स्मृति गाउँपालिकाको फोहर व्यवस्थापन तथा वातावरण, स्वास्थ्य, सरसफाई कार्यविधि २०७५ रहने छ ।

(ख) यो कार्यविधि सुनिल स्मृति गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि लागु हुने छ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'ऐन' भन्नाले फोहरमैला व्यवस्थापन ऐन, २०६८ सम्झनुपर्छ ।

(ख) 'गाँउपालिका' भन्नाले सुनिल स्मृति गाउँपालिकालाई सम्झनुपर्छ ।

(ग) 'गाउँ प्रमुख' भन्नाले सुनिल स्मृति गाउँपालिकाको प्रमुख पदमा निर्वाचित बहालवाला गाउँ प्रमुख वा गाउँ प्रमुखको कार्य गर्न जिम्मेवारी प्राप्त अधिकारीलाई सम्झनुपर्छ ।

(घ) 'सार्वजनिक निजी साझेदारी' भन्नाले सार्वजनिक क्षेत्र (गाउँपालिका) र निजी क्षेत्रका वीचमा कुनै काम गर्ने सम्बन्धमा कानुन बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनुपर्दछ ।

(ङ) 'स्वीपर' भन्नाले यस गाउँपालिकाको स्वीपर अथवा कुचीकार भई काम गर्न नियुक्त कर्मचारी सम्झनुपर्छ ।

(च) 'अधिकार प्राप्त निकाय वा ब्यक्ति' भन्नाले यस कार्यविधिले तोकेको केही वा सबै कार्यको कार्यान्वयनका निम्ति गाउँपालिकाले तोकेको कुनै संस्था, अधिकारी वा कर्मचारीलाई जनाउनुका साथै यस शब्दले कार्यकारी अधिकृतलाई समेत जनाउने छ ।

(छ) 'टोल विकास संस्था' भन्नालेसमाज परिचालनको माध्यमद्वारा निश्चित प्रक्रिया पूरा गरी स्थानीयस्तरका सबै घर धुरी सदस्य रहने गरी स्थापना भई गाउँपालिकामा सूचीकृत भएका सामुदायिक संस्थालाई जनाउने छ ।

(ज) 'निजी क्षेत्र' भन्नाले नाफा कमाउने वा नकमाउने गरी स्थापना भएको कम्पनी वा टोल विकास संस्था वा क्लब वा सामाजिक संघ संस्था लगायत यसले राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था समेतलाई जनाउने छ ।

(झ) 'वातावरण' भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनुपर्छ ।

(ठ) 'तोकिएको वा तोकिदिएको' भन्नाले वेला वेलामा वातावरण, जलबायु अनुकूलन र फोहरमैला व्यवस्थापनका सम्बन्धमा नगरपालिकाले निर्णय गरी तोकिएको वा तोकिदिएको बिषयलाई जनाउने छ ।

## परिच्छेद- २
## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

३. यस कार्यविधिको पालना गर्ने सबैको कर्तव्य हुने :
यस गाउँपालिकामा स्थायी वा अस्थायी रुपले बसोवास गर्ने, उद्योग, ब्यापार, ब्यवसाय गर्ने, अध्ययन, औषधोपचार, पर्यटन तथा ब्यवसायीकरुपले आवत जावत गर्ने आदि सबैले फोहोर मैला ब्यवस्थापन सम्वन्धी देहाय बमोजिमको कार्य अनिवार्य गर्नु पर्नेछ ।

४. जथाभावी फोहरमैला फाल्न वा विसर्जन गर्न नपाइने :
उद्योग, ब्यापार ब्यवसाय, पसल, भवन आदिबाट निस्कने फोहोरलाई सार्वजनिक स्थल, सडक, सडक किनारा पेटी, सडक नाला, खाली स्थान, कुनाकाप्चा आदि स्थलमा फाल्न, राख्न, वा थुपार्न पाइने छैन । आ-आफ्नो घर, पसलका कुहिने प्रकृतिको फोहोरलाई एउटा डष्टवीन (टोकरी) मा र नकुहिने प्रकृतिको फोहोरलाई अर्को डष्टवीन (टोकरी) मा राखी गाउँपालिकाको सरसफाई कर्मचारी वा साधन आएपछि जिम्मा लगाउनु पर्नेछ ।

५. सरसफाईकर्मीहरुले टोल, सडक सफाई गरी गैसकेपछि कुनै पनि किसिमको फोहोर घर, पसल वाहिर वा सार्वजनिक स्थलमा राख्न फ्याक्न, थुपार्न पाइने छैन ।

६. सडक वा अन्य सार्वजनिक स्थानमा दिशा पिसाव गर्न गराउन पाइने छैन ।

७. तोकिएको स्थान भन्दा वाहेक सडक वा अन्य सार्वजनिक स्थानमा पसल राखी कुनै पनि किसिमको ब्यवसाय गर्न पाइने छैन ।

८. सडक वा अन्य सार्वजनिक स्थानमा सडेगलेका फलफूल, तरकारी, हाडखोर वा अन्य कुनै पनि चिज बस्तु फाल्न थुपार्न पाइने छैन ।

९. सेफ्टी ट्यांकी वा शौचालयबाट निस्कने फोहोर जथाभावी बाहिर वा ढलमा निस्कासन गर्न पाउने छैन ।

१०. अस्पताल, नर्सिङ्होम, निजी क्लिनिक वा डिष्पेन्सरीबाट निस्कने संक्रामक र खतराजन्य फोहोर सडक, वा अन्य सार्वजनिक ठाउँमा फाल्न, वा निश्कासन गर्न पाइने छैन । त्यस्ता फोहोरको सुरक्षित तवरले अन्तिम निस्कासन गर्ने ब्यवस्था सम्वन्धित निकायहरुले आफैले नै गर्नु पर्नेछ स्वास्थ्य केन्द्रका संक्रामक फोहोरहरु कुनै पनि हालतमा अन्य फोहोरहरुसँग निश्कासन गर्न पाइने छैन ।

११. औद्योगिक प्रतिष्ठान, उद्योगबाट निस्केका फोहोर मैला जथाभावी फाल्न, राख्न वा निस्कासन गर्न पाइने छैन । उद्योग खोल्दाको वखतको शर्त एवं वातावरण संरक्षण सम्वन्धी ऐन, नियम कार्यविधिमा ब्यवस्था भए बमोजिम त्यस्ता फोहोरमैलालाई अन्तिम निष्कासन गर्ने ब्यवस्था सम्वन्धित प्रतिष्ठान वा उद्योगले गर्नु पर्नेछ ।

१२. उद्योग, पसल, घर, सार्वजनिक प्रतिष्ठान, सरकारी र गैरसरकारी प्रतिष्ठान, विद्यालयहरुलाई अनिवार्य रुपमा डष्टवीन (टोकरी) कन्टेनर वा कम्पोष्ट वीन राख्न गाउँपालिकाले अनिवार्य गर्न सक्नेछ ।

१३. गाउँपालिकाले संकलन भएको फोहोरमैलालाई ब्यवस्थित रुपले तह लगाई गाउँ सौन्दर्य, वातावरणीय स्वच्छता र सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यले संभाब्य र उपयुक्त ठहरिएको एक वा एक भन्दा बढी स्थानमा कम्पोष्ट चेम्वर, फोहोर मैला स्थानान्तरण केन्द्र र अन्तिम निस्काशन स्थल (Land Fill Site) को ब्यवस्था गर्न सक्ने छ ।

१४. गाउँपालिकाले फोहोरमैलालाई श्रोत (घर पसल आदि) मा नै कुहिने र नकुहिने गरी छुट्ट्याउने आदेश दिई सोही अनुसार संकलन गरी त्यसलाई ब्यवस्थित गर्ने छ वा कुहिने प्रकृतिको फोहोरलाई श्रोतमा नै कम गर्न एक चुलो एक कम्पोष्टवीनका नीति लागु गर्न सक्ने छ ।

१५. गाउँपालिकाले संकलन भएको फोहोर मैला तोकिएको स्थानान्तरण केन्द्रमा जम्मा गरी छुट्याई त्यस्को अन्तिम निस्काशनको समुचित व्यवस्था गर्ने छ ।

१६. गाँउपालिकाले निजी वा सार्वजनिक फोहोर मैलाको कारणबाट मानव, पशुपंक्षी, बोटविरुवा वा अन्य तवरले प्राकृतिक सन्तुलनमा प्रतिकुल प्रभाव पर्ने गरी वा पारेमा वा पर्ने भएमा प्रदुषण निवारणको लागि आवश्यक व्यवस्था गर्ने छ ।

१७. गाउँपालिकाले सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी निजी वा सार्वजनिक क्षेत्रमा  हानिकारक फोहोर मैला राख्न, फाल्न, गाड्न, पोल्न वा कुनै किसिमबाट संचय, निस्कासन वा नष्ट गर्न निषेध गर्न सक्ने छ ।

१८. गाउँपालिकाले गाउँ क्षेत्रमा फोहोर मैला व्यवस्थित वा नियन्त्रण गर्ने कार्यको दैनिक रुपमा निरीक्षण गर्न वा आवश्यकता अनुसार निरीक्षण टोली खटाउन वा स्थानीय टोलविकास संस्थालाई जिम्मेवारी दिन सक्नेछ । यसकार्यमा सहयोग गर्नु सबैको प्रमुख कर्तब्य हुनेछ ।

१९. गाउँपालिकाले उपलब्ध गराएको सडक, फोहोरमैला व्यवस्थापन तथा ढल निर्माण आदि सेवा उपयोग गर्ने उद्योग, ब्यवसाय र गाउँवासीहरुले गाउँपालिकाले समय समयमा निर्धारण गरे बमोजिमको सेवा शुल्क बुझाउनु पर्नेछ ।

२०. गाउँपालिकाले गाउँ क्षेत्र भित्रका पुन: प्रयोग हुन सक्ने मालसामान संकलन गर्ने संकलनकर्ता (कवाडीवाला) लाई प्रोत्साहित गर्न सक्नेछ ।

२१. वातावरण तथा सरसफाईलाई प्रतिकुल पर्ने गरी अनुसूची-१ बमोजिमको उद्योग ब्यापार ब्यवसाय संचालन गर्न रोक लगाउन सकिने छ ।

२२. सार्वजनिक स्थल, सडक, नाला र भवनलाई असर पर्ने गरी निर्माण सामग्री, यातायातका साधन आदि राख्न पाइने छैन ।

२३. सार्वजनिक स्थल, सडक, नाला र भवनलाई अवरोध हुने गरी चौपाया बाँध्ने, चराउने, पगाहा लगाउने वा राख्न पाइने छैन ।

२४. (क) टोल विकास संस्था गठन नभए सम्मका लागि स्थानीय समुदायलाई टोल विकास संस्थाको रुपमा विकास गर्न सकिने छ ।

२५. विशेष सरसफाई क्षेत्र तोक्न सक्ने :

क) गाँउको सौन्दर्यतालाई बचाई गाउँको इज्जत प्रतिष्ठा बृद्धिका लागि गाउँको मुख्य भाग, सार्वजनिक ऐतिहासिक मठ मन्दिर एवं प्राकृतिक सौन्दर्य

क्षेत्रलाई चार किल्ला तोकी गाउँपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ ।

ख) विशेष सरसफाई क्षेत्र घोषणा भएको महत्व र संवेदनशीलतालाई ध्यानमा राखी गाउँपालिकाले त्यस्तो स्थानमा कुनै पनि किसिमको फोहोर मैला फाल्न, थुपार्न वा अनुसूची- १ बमोजिमको कुनै काम गर्न गराउन निषेध गर्न सक्नेछ ।

ग) कुनै टोल विकास संस्था वा वडा समिति वा सामाजिक संघ संस्थाबाट विशेष सरसफाई क्षेत्र तोक्न अनुरोध भई आएमा गाउँपालिकाले विशेष सरसफाई क्षेत्र तोक्न सक्नेछ ।

घ) ठोस फोहोर मैला ब्यवस्थापन र सरसफाईमा उत्कृष्टता हासिल गर्ने वडा समिति वा टोलविकास संस्था वा सामाजिक संघ संस्थालाई गाउँपालिकाले पुरस्कृत र प्रोत्साहित गर्न सक्ने छ ।

२६. फोहोर उत्पादन गर्ने प्रकृतिका व्यवसाय संचालन :

(क) गाउँपालिका क्षेत्रभित्र इजाजत लिएर ब्यवसाय संचालन गर्दा सार्वजनिक जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने प्रकृतिका ब्यवसाय जस्तै होटल, रेष्टुरा, मिठाई पसल, माछामासु विक्री पसल आदी सञ्चालन गर्ने ब्यक्तिले देहाय बमोजिमको ब्यवस्था गर्नुपर्नेछ ।

१. ब्यवसाय स्थल स्वच्छ र सफा राख्नु पर्नेछ ।

२. विक्री गर्ने बस्तु वा खाने कुरालाई राम्रोसंग छोपेर वा जालि भएको दराजमा बन्द गरी राख्नु पर्नेछ । अन्यथा विक्री वितरणमा नगरपालिकाले बन्देज लगाउन सक्ने छ ।

३. काम गर्ने ब्यक्तिको ब्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनु पर्ने छ जस्तैः लुगा सफा हुनु पर्ने छ र हात खुट्टाको नङ काटेको हुनु पर्नेछ ।

४. खाने बस्तु तयार गर्ने, पकाउने र भाडा माझ्ने ठाउँ विक्री गर्ने वा खाने ठाउँ भन्दा कम्तिमा ५ मिटरको दुरीमा हुनु पर्नेछ ।

५. पसलको भुई, पकाउने ठाउँ सजिलोसंग सफा गर्न हुने र गर्न सकिने हुनु पर्दछ साथै पसलमा पर्याप्त मात्रामा पानीको नियमित आपूर्ति भएको हुनु पर्नेछ ।

६. पकाउने, खाना ल्याउने (वेटर), प्याक गर्ने, तौलने व्यक्तिलाई एप्रोन लगाउन गाउँपालिकाले क्रमशः अनिवार्य गर्न सक्नेछ ।

७. खाने, पकाउने र पसलमा प्रयोग हुने औजार तथा भाँडाकुडा सफा गरी सकेपछि त्यसलाई पोटास पानीमा पखालेर सफा कपडाले पुछेर मात्र पुनः प्रयोगमा ल्याउनु पर्नेछ ।

८. खाने ठाउँको टेवल सफा गर्दा एन्टिसेप्टीक औषधिको प्रयोग गर्नु पर्नेछ ।

९. काम गर्ने ब्यक्तिहरुको हरेक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराउनु पर्नेछ । घातक सरुवा रोग लागेको ब्यक्तिलाई काममा लगाउन पाइने छैन ।

१०. वासी सडेगलेका तथा झिंगा भन्केको खानेकुरा वा स्वास्थ्यका लागि हानीकारक भनी प्रमाणित रंग, रसायन वा अन्य कुनै अखाद्य बस्तु प्रयोग गरिएको खानेकुरा, वासी सडेगलेका, झिंगा भन्केका माछा मासु, रोग लागि मरेका पशुपन्छीको मासु वा वासी मासु बेच्न पाइने छैन ।

११. पानी सफा र पिउनलायकको हुनु पर्ने छ ।

१२. पसल अगाडिको नालामा नियमित रुपमा सफा गर्नका साथै फिनेल वा किटनासक औषधि छर्किनु पर्नेछ ।

१३. पसल र कोठाहरु पर्याप्त मात्रामा हावा र प्रकाश छिर्ने गरी बनाइएको हुनु पर्नेछ ।

१४. पसलको भुई सिमेण्ट प्लाष्टर हुनुका साथै पसलमा पर्याप्त मात्रामा पानीको नियमित आपूर्ति भएको हुनु पर्नेछ ।

१५. पसलमा ब्यवस्थित शौचालयको समुचित प्रवन्ध भएको हुनु पर्नेछ ।

१६. पसलमा विक्री गरिने बस्तुहरुको मूल्य सूची, गाउँपालिकाबाट प्राप्त इजाजत पत्र सबैले देख्ने ठाउँमा अनिवार्य रुपले राख्नु पर्नेछ ।

१७. पसलहरु विशेष परिस्थितीमा बाहेक विहान ५ बजेदेखि राति बढीमा १० बजेसम्म मात्र खुल्ला राख्न पाइने छ ।

१८. पसलबाट निस्किएको फोहोरलाई ब्यवस्थित गर्न डष्टवीन (टोकरी), कन्टेनरको ब्यवस्था गर्नु पर्नेछ । जथाभावी फोहोर फाल्न पाइने छैन ।

१९. कुहिने जातिको फोहोरलाई कम्पोष्ट वीनमा राखी कम्पोष्टिङ गर्ने ब्यवस्था

व्यवसायी आफैले मिलाउनु पर्नेछ ।

२०. होटल पसल अगाडि वा सडक किनारामा चुलो बाल्न, सेकुवा आदि पोल्न र सडक पटि लाछी गास्न पाइने छैन ।

२१. उपभोक्ता संरक्षण ऐन नियमको उल्लंघन नहुने गरी उद्योग ब्यापार ब्यवसाय गर्नु पर्नेछ ।

ख) एकै प्रकृतिका ब्यवसायलाई एउटै क्षेत्रमा संचालन गर्दा फोहोर मैला ब्यवस्थापन कार्यमा सरलता आउने हुँदा फोहोर बढी मात्रामा पैदा हुने ब्यवसायहरु जस्तैः तरकारी पसल, माछा मासु पसल, कपाल काट्ने सैलुन, जस्ता ब्यवसायहरु गाउँपालिकाले निश्चित क्षेत्रमा मात्र ब्यवसाय गर्न पाउने गरी क्षेत्र निर्धारण गर्न सक्ने वा गाउँपालिकाले निश्चित क्षेत्रमा कुनै ब्यवसाय संचालन गर्न निषेध गर्न सक्नेछ ।

ग) पशु बध गर्दा गाउँपालिकाले तोकेको स्थानमा बध गरिसकेपछि त्यसबाट निस्किएको फोहोरमैला गाउँपालिकाले तोकेको स्थानमा लगी जम्मा वा अन्तिम नष्ट गर्नु पर्नेछ । यो सुविधा उपलब्ध गराए वापत गाउँपालिकाले सरसफाई सेवा शुल्क लगाउन सक्नेछ ।

घ) गाँउको मुख्य क्षेत्र वा मन्दिर वा सामुदायिक विद्यालय वा क्याम्पस वा अस्पताल वा सरकारी भवन वा सार्वजनिक शौचालय आदिको १०० (सय) मिटर वरपर माछा मासु काटमार वा विक्री वितरण गर्न पाइने छैन ।

## परिच्छेद- ३

२७. सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था :

(क) गाँउको फोहरमैला व्यवस्थापनका लागि गाउँपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्न गराउन सक्ने छ ।

ख) यसरी सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्य गर्दा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

ग) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा गराउँदा लाभ, लागत र जोखिम दुबै पक्षमा रहने गरी व्यवस्थापन गरिने छ ।

घ) सार्वजनिक निजी साझेदारीमा कार्य गर्दा गराउँदा सकेसम्म स्थानीय स्तरमा रहेका नीजि क्षेत्रलाई साझेदारको रुपमा लिइने छ ।

ङ) स्थानीय क्लब, सामुदायिक संस्था, टोलविकास संस्था, गैरसरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा अन्य स्थानीय तथा वाह्य संघ संस्थाहरुलाई निजी क्षेत्रका रुपमा लिन सकिने छ ।

च) विभिन्न स्थानमा फरक फरक निजी क्षेत्र परिचालन भएको अवस्थामा सबैको कार्य प्रति एकरुपता ल्याउनका लागि सबै साझेदारहरुको संलग्नतामा गाउँस्तरीय संयन्त्र तयार गरी सोही संयन्त्र मार्फत सार्वजनिक निजी साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था गाउँपालिकाले मिलाउन सक्नेछ ।

छ) फोहोर मैला व्यवस्थापन गर्न गाउँपालिकाले फोहरमैला उत्पादकसँग सरसफाई सेवा शुल्क लिनेछ । यसरी लिने शुल्क गाउँपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

ज) सहज र सरल रुपमा फोहरमैलाको व्यवस्थापन गर्ने प्रयोजनका लागि गाउँपालिकाले गाउँवासीलाई पारिवारिक परिचय-पत्र उपलब्ध गराउन सक्ने छ । यसरी परिचयपत्र उपलब्ध गराउँदा गाउँपालिकाले उक्त परिचयपत्रको बहुउपयोग हुने गरी तयार गर्नेछ र यसको प्रयोग गाउँपालिकाले सम्पूर्ण सेवा सुविधासँग जोडन सक्ने छ ।

## परिच्छेद- ४

## प्लाष्टिक झोला तथा प्लाष्टिकका बस्तुहरुको प्रयोग र त्यसको नियमनसम्बन्धी व्यवस्था

२८. प्लाष्टिक झोला प्रयोग गर्न निषेध :

क) सार्वजनिक स्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको प्लाष्टिकको झोला, थैला आदि विक्री वितरण तथा प्रयोगमा रोक लगाइने छ ।

ख) माछा, मासु, विस्कुट, पाउरोटी, चाउमीन आदि बस्तुहरु कम गुणस्तरको प्लाष्टिकको झोला थैला आदिमा पोकोपारी वा वण्डल बाँधी वा प्याक गरी

विक्री वितरण वा प्रयोग गर्न पाइने छैन ।

ग) खाद्यपदार्थ तथा जुत्ता, लत्ताकपडा लगायतका बस्तुहरु साथै कम्पनीबाट प्याकिङ्ग भै आएका प्लाष्टिक आदि जथाभावी फ्याक्न, थुपार्न, जलाउन बस्तीमा फ्याक्न पाइने छैन ।

घ) माथि (ग) मा उल्लेखित कम्पनीबाट प्याकिङ्ग भै आएका प्लाष्टिक आदि एकत्रित गरी गाँउपालिकाले सरसफाई टोलीलाई छुट्टै जिम्मा लगाउनु पर्नेछ वा आफै तह लगाउनु पर्नेछ ।

ङ) प्लाष्टिक झोलाहरु जो पुनःर्चक्रण गर्न नसकिने प्रकृतिका हुन्छन तिनीहरुको प्रयोगमा गाउँपालिकाले पूर्ण रुपमा रोक लगाउन सक्ने छ ।

च) कुनै चिज वस्तु प्याकिङ भई आएका प्लाष्टिक जन्य पदार्थहरु प्रयोगकर्ताले सुरक्षित रुपमा भण्डारण गरी त्यसलाई विक्रि वितरण गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ ।

ज) पुनःर्चक्रण गर्न सकिने प्लाष्टिकहरु उपभोगकर्ताले आफै विक्री वितरण गर्न नसक्ने भएमा त्यस्ता प्लाष्टिकहरु अन्य फोहरमैलामा नमिसाई गाउँपालिकाले तोकी दिएको स्थान सम्म पुऱ्याउनु पर्ने जिम्मेवारी सम्बन्धित उपभोगकर्ताको हुनेछ ।

झ) प्लाष्टिक जन्य बस्तुहरु गाउँपालिकाले तोकी दिएको स्थानबाट मात्र पुनरचक्रणको लागि संकलन गर्न सकिने छ । यसरी संकलन गर्दा गाउँपालिकाले तोकिदिएको शुल्क तिर्नु पर्ने व्यवस्था लागु गर्न सकिने छ ।

ञ) कुनै पनि प्रकारका प्लाष्टिक जन्य बस्तुहरु अन्य फोहरमैलासँग मिसाई राख्न पाइने छैन । यसलाई छुट्टै पोका, भाँडा वा वोरामा राखी गाउँपालिकाबाट खटिने फोहरमैला संकलकलाई अन्य फोहरमैला भन्दा अलग गरी उपलब्ध गराउनु पर्ने छ ।

## परिच्छेद- ५

२९. वातावरण संरक्षण एवम जलवायु अनुकूलका सम्बन्धमा :

क) गाँउलाई हरियाली हराभरा वनाउनका लागि टोल विकास संस्था वा

उपभोक्ता समिति वा सामाजिक संघ संस्था वा वडावासीहरुले आ-आफ्नो टोल, सडक किनार सार्वजनिक स्थलमा बृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ । त्यस्को संरक्षणको लागि गाउँपालिकाले टोकरी उपलब्ध गराउन सक्नेछ ।

ख) आफ्नो भवन अगाडि सार्वजनिक स्थान, सडक किनारामा आफै बृक्षारोपण गरी संरक्षण गरी ५ फिटको रुखजातिको विरुवा हुर्काएमा गाउँपालिकाले प्रति विरुवाको हिसावले पुरस्कारको ब्यवस्था गर्नेछ । तर बृक्षारोपण गरेको अवस्थामा गाउँपालिकालाई जानकारी गराएको हुनु पर्नेछ ।

ग) गाँउको बातावरणलाई स्वच्छ, सफा र हराभरा राख्न सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार भएका उद्योग ब्यवसाय, एवं सरकारी, गैह्रसरकारी संघसंस्था समितिहरुको प्रतिनिधित्व रहने गरी गाउँ प्रमुखको संयोजकत्वमा वातावरण संरक्षण एवं जलवायु अनुकुलन समिति गाउँपालिकाले गठन गर्न सक्ने छ । सो समितिले वातावरण संरक्षणको विषयमा राय सल्लाह र सुझाव गाउँपालिकालाई दिनेछ ।

घ) भवन निर्माण इजाजत-पत्र दिंदा घरको परिसर भित्र कम्तिमा २ (दुई) वटा रुखजातिका विरुवा रोप्न गाउँपालिकाले अनिवार्य गर्न सक्नेछ ।

ङ) सार्वजनिक स्थल र सडक किनारामा बृक्षारोपण गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

च) जलवायु परिवर्तन बाट पर्ने प्रतिकुल असरलाई न्यूनीकरण गर्न गाउँपालिका आफैले वा विभिन्न साझेदारहरुसँग मिलि अनुकूलन कार्यक्रमहरु संचालन गर्नेछ ।

छ) सडक लगायतका सार्वजनिक निमार्ण गर्दा बृक्षारोपण गर्ने विषयलाई आयोजनाको अभिन्न अंगको रुपमा स्थापित गरिने छ ।

## परिच्छेद- ६

३०. छाडा तथा बहुला कुकुर नियन्त्रण :

क) गाउँवासीले पालेको कुकुरलाई गाउँपालिकाले तोकिदिए बमोजिमको पेटी अनिवार्य रुपले बाँध्नु पर्नेछ ।

ख) गाउँवासीले पालेको कुकुरलाई समय समयमा रेविज विरुद्धको सुई लगाउनु

पर्नेछ ।

ग) पेटी नबाँधिएका वा छाडा छाडिएका वा बहुला कुकुरहरु गाउँपालिकाले मार्न लगाउन सक्नेछ ।

घ) घर पालुवा कुकुरहरुले गर्ने फोहोर सम्बन्धित धनीले नै व्यवस्थापन गर्नु पर्नेछ । यसरी व्यवस्थापन गर्दा सार्वजनिक जग्गा वा सडक क्षेत्रमा गर्न पाइने छैन

३१. छाडा पशुपंक्षी नियन्त्रण :

क) विभिन्न किसिमका महामारी फैलन सक्ने, वाली विरुवा नोक्सान पार्ने, सार्वजनिक यातायात तथा पैदल यात्रीहरुलाई कठीनाई पुऱ्याउने वा गाउँ क्षेत्रेका स्वच्छता र सौन्दर्यतामा खलल पुऱ्याउने हिसाववाट सुगुर बंगुर हाँस, घोडा, खच्चर, गधा, गाई, भैसी, बाख्रा जस्ता चौपाया र पंक्षी छाडा छोड्न पाइने छैन ।

ख) गाउँको सौन्दर्यता र जन स्वास्थ्यलाई ध्यानमा राखी कुनै खास स्थान वा क्षेत्रमा विशेष पशुपंक्षी पाल्न गाउँपालिकाले रोक लगाउन सक्नेछ ।

ग) गाँउपालिकाले गाउँक्षेत्र भित्र छाडा छाडिएका चौपायालाई पक्राउ गरी कान्जीहाउसमा राख्नेछ ।

घ) कान्जी हाउसमा थुनामा रहेको चौपाया बारे ७ (सात) दिने सार्वजनिक सूचना गरी लिन आउने अन्यथा लिलाम विक्री हुने सार्वजनिक सूचना गर्नेछ ।

ङ) ७ दिनको म्यादभित्र चौपाया धनीले चौपाया बुझी नलगेमा त्यस्को ३ दिनभित्र सार्वजनिक डाक बढावढ गरी कार्यालयले लिलाम विक्री गर्नेछ ।

च) कान्जीहाउसको महसुल दर गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

छ) लिलाम विक्रीबाट प्राप्त रकम कसैको क्षतिपूर्ति दिनु पर्ने भए दिई बाँकी सम्पूर्ण रकम गाँउपालिकाको कोषमा आम्दानी बाँधिने छ ।

ज) लिलाम विक्रीको सम्पूर्ण प्रकृया पूरा गर्दा पनि कुनै चौपाया लिलाम विक्री हुन नसकेमा गाउँपालिकाले प्रचलित कानुनले निषेध गरेका चौपाया वाहेकलाई मार्न वा जुनसुकै प्रकृया अवलम्वन गरी नगर वाहिर पुऱ्याउन सक्नेछ ।

झ) गाउँ क्षेत्रभित्र छाडा छाडिएका चौपायाहरु समातेर ल्याउने कर्मचारी, व्यक्ति, संघसंस्थालाई गाउँपालिकाले प्रोत्साहन पुरस्कार प्रदान गर्नेछ ।

३२. लाश जलाउने, गाड्ने र मरेका चौपाया गाड्ने :

क) गाउँपालिकाले गाउँ र गाउँवासीको हित, समुन्नति, वातावरणीय पक्ष तथा सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी शवदाहा तथा शव गाड्ने स्थल तोक्न सक्नेछ ।

ख) गाउँपालिकाले तोकेको स्थल वाहेक अन्यत्र शवहरु दाहसंस्कार गर्न वा गाड्न पाइने छैन ।

ग) सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी लास जलाउँदा पूरै जलाउनु पर्नेछ तथा गाड्ने संस्कार भएकाले पनि कुनै जनावरले खोतल्न नसक्ने गरी गाड्नु पर्नेछ ।

घ) गाउँपालिकाले सार्वजनिक स्वास्थ्य स्थितिलाई ध्यानमा राखी मरेका चौपाया पंक्षी गाड्ने स्थल तोक्न सक्ने छ । तोकेको स्थल वाहेक अन्यत्र गाड्न पाइने छैन ।

ङ) गाउँपालिकाले तोकेको स्थलमा शवहरु दाहासंस्कार गर्दा वा गाड्दा वा मरेका चौपायाहरु गाड्दा नगरपालिकाले सेवा शुल्क निर्धारण गर्न सक्नेछ । यस प्रकारको सेवाको उपयोग गरेको अवस्थामा तोकिएको शुल्क बुझाउनु पर्नेछ ।

३३. तुल, साइनवोर्ड आदि सम्वन्धी ब्यवस्था :

क) कसैले पनि गाउँपालिकाको स्वीकृति वेगर गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक वा पर्ति जमिन वा खम्वा, ल्याम्प पोष्ट, पर्खाल, भित्ता, फुटपाथ वा अन्य कुनै सार्वजनिक भवनको भित्ता वा छतमाथि आफ्नो उद्योग ब्यवसाय, ब्यापारको विज्ञापन वा प्रचार प्रसार हुनेगरी तुल, साइनवोर्ड, होडिङवोर्ड वा अन्य कुनै प्रचार सामग्री खडा गर्न वा जडान गर्न हुँदैन ।

ख) सामाजिक सद्भाव अभिबृद्धि गर्न वा सार्वजनिक स्वस्थ्य वा उपयोगिताको दृष्टिबाट कुनै तुल, साइनवोर्ड, होडिङवोर्ड वा अन्य यस्तै प्रचार सामग्री हटाउन उपयुक्त छ भन्ने लागेमा त्यस्तो गर्न सम्वन्धित ब्यक्तिलाई आदेश दिन सक्नेछ र सो आदेशको पालना गर्न सम्वन्धित ब्यक्ति वा संस्थाको

कर्तब्य हुनेछ ।

ग) ३१ 'ख' बमोजिमको आदेश पालना नभएमा गाउँपालिकाले हटाई तोकिएको जरिवाना समेत लगाउन सक्नेछ ।

घ) गाउँपालिकाले सार्वजनिक वा पर्ति जमिन वा खम्वा, पर्खाल, भित्ता, फुटपाथ वा अन्य कुनै सार्वजनिक भवनको भित्ता वा छत माथि आफ्नो उद्योग व्यवसाय वा ब्यापारको विज्ञापन वा प्रचार प्रसार हुने गरी साइनवोर्ड तुल, होडिङवोर्ड वा अन्य यस्तै प्रचार सामग्री खडा गर्न वा जडान गर्न तोकिएको शुल्क बुझाएमा म्याद तोकी इजाजत दिन सक्ने छ । तर गाउँको सुन्दरता र सुरक्षामा आँच आउने गरी इजाजत दिइने छैन ।

ङ) सार्वजनिक स्वास्थ्य हानी पुऱ्याउने खालका धुम्रपान, मध्यपान, सूर्ती जस्ता विज्ञापन वा प्रचारका तुल, पर्चा, होडिङ्गवोर्ड, साइनवोर्ड वा अन्य यस्तै प्रचार सामग्री खडा गर्न वा जडान गर्नमा गाउँपालिकाले प्रतिवन्ध लगाउन सक्नेछ ।

३४. खोलानालामा विषादी, विद्युतीय धराप प्रयोग गर्न निषेध :

क) गाउँपालिका क्षेत्रभित्र रहेका खोलानाला पोखरी, दह, तलाउ, ताल आदिमा विषदी वा विद्युतीय धराप प्रयोग गरी माछा मार्न पाइने छैन ।

३५. उपभोक्ता हित समिति गठन :

क) उपभोक्ताको हक हित संरक्षण गर्नका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा सम्वद्ध सरकारी गैरसरकारी निकायका प्रतिनिधि, प्रहरी प्रशासनका प्रतिनिधि, उपभोक्ता संस्थाका प्रतिनिधि, स्वास्थ्य निकाय र उद्योग बाणिज्य संघका प्रतिनिधि साथै नीजि क्षेत्रका प्रतिनिधि आदिहरु सदस्य भएको उपभोक्ता हित संरक्षण समिति गाउँपालिकाले गठन गर्न सक्नेछ ।

ख) माथि (क) मा उल्लेखित समितिले उपभोक्ताहरुलाई चेतनशिल, जागरुक बनाउन विविध उपायका कार्यक्रमहरु अगाडि सार्नेछ ।

३६. अटेरी ब्यक्तिको कालो सूचीमा नामदर्ता :

क) गाउँपालिका क्षेत्रभित्र जथाभावी फोहोर मैला गर्ने वा यस कार्यविधिको उल्लंघन गर्ने ब्यक्ति, संघ संस्थालाई सो नगर्नका लागि गाउँपालिकाले

सूचना गर्नेछ । सूचना प्राप्त गरी सकेपछि पनि सम्पर्क नगर्ने वा निर्देशन, सूचनाको उल्लंघन गर्ने व्यक्ति संघ संस्थाको नाम गाउँपालिकाले अटेरी व्यक्तिको कालो सूचीमा दर्ता गर्नेछ । अटेरी व्यक्ति, संघ संस्थाले तोकिएको कार्य नगरेसम्मका लागि वडा समिति तथा गाउँपालिकाबाट कुनै किसिमको सिफारिस वा सुविधा प्रदान गरिने छैन ।

३७. दण्ड सजाय :

क) यस कार्यविधिमा उल्लेख भएका काम कुराहरुको उल्लंघन गर्ने व्यक्ति व्यवसाय, संघसंस्थालाई प्रतिवेदन तयार गरी सम्वन्धित वडा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम दण्ड जरीवाना वा सजाय गर्न सक्नेछ ।

ख) क बमोजिमको जरिवाना रकम असुल नभएसम्म यसै कार्यविधिको नं. ३२ अनुसार अटेरी व्यक्तिको सूचीमा लगत राखी गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा रोक्का राखिनेछ साथै सरकारी बाँकी सरह असुल उपर गर्नका लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही अघि बढाइने छ ।

ग) यस कार्यविधिमा उल्लेख भएको कुराहरुमा सोही बमोजिम र अन्य कुराहरुको हकमा ऐन र नियमावली बमोजिम भए नभएको निरीक्षणका लागि गाउँपालिकाबाट जनप्रतिनिधि, पदाधिकारी, कर्मचारी तथा प्रहरी निरीक्षण गर्न आएको समयमा घरमालिक वा मेनेजर वा सम्वन्धित व्यक्तिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३८. बचाउ :

क) यस कार्यविधिमा लेखिए बमोजिमको हकमा यसै बमोजिम लागु हुनेछ ।

ख) ऐन तथा नियमावलीमा उल्लेख भएजति सोही बमोजिम लागु हुनेछ ।

ग) माथि (क) र (ख) मा उल्लेख भए बमोजिम वाहेक अन्यको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

अनुसूची- १

परिच्छेद- २ को १७ सँग सम्वन्धित

गाउँपालिकाले निश्चित क्षेत्रमा संचालन गर्न निषेध गर्न सक्ने कार्य वा व्यवसायहरु

१. सुगुर, बंगुर, हाँसपालन आदि व्यवसायहरु

२. इटाभट्टा, सेलरमिल, कोइला जम्मा गर्ने व्यवसायहरु

३. तरकारी पसल (हटिया र सब्जी मण्डी वाहेक अन्यत्र)

४. माछा मासु पसलहरु

५. चर्को आवाज, ध्वनी तथा बढी मात्रामा धुलो निस्कने खालका फर्निचर आदि व्यवसाय

६. ग्रीलपत्ती काट्ने, सडकको वरपर खुल्लारुपमा फलामको वेल्डिङ गर्ने कार्य वा व्यवसाय

७. मुख्य-मुख्य सडकमा मेकानिकल वर्कसप, टायर मर्मत आदि कार्य वा व्यवसायहरु

८. गाउँको सौन्दर्य वा जनस्वास्थ्यमा असर पार्ने खालका अन्य कुनै कार्य वा उद्योग वा व्यवसायहरु

आज्ञाले,

**लेखनाथ न्यौपाने**

प्रमुख प्रशासकीय अधिकृत